आज मिति २०८३ साल असार ०९ गते मंगलबारका दिन पुनर्वास नगरपालिकाको सभा कक्षमा, पुनर्वास नगरपालिकाको नगर सभाको उन्नाईसौं अधिवेशन, नगर प्रमुख श्री तोय प्रसाद शर्माज्युको अध्यक्षतामा नगरसभाको बैठक तपसिल बमोजिमका नगर सभा सदस्यज्यूहरूको उपस्थितिमा कार्यसूची बमोजिम नगर सभाको पहिलो बैठक सञ्चालन गरियो ।

समय:- दिनको :- ११.०० वजे

स्थान:-पुनर्वास नगरपालिकाको सभाहल

| | | | |
|---|---|---|---|
| | श्री तोय प्रसाद शर्मा | सभाध्यक्ष | |
| क्र.सं. | नगर सभा सदस्यको नाम,थर | पद | हस्ताक्षर |
| १ | श्री भुलिया कुमारी राना | नगर सभा सदस्य | |
| २ | श्री मोहन लाल राना | नगर सभा सदस्य | |
| ३ | श्री डम्वर वहादुर थापा | नगर सभा सदस्य | |
| ४ | श्री कृष्ण वहादुर तामाङ | नगर सभा सदस्य | |
| ५ | श्री मनोज जैशी | नगर सभा सदस्य | |
| ६ | श्री पदम वहादुर रोकाया | नगर सभा सदस्य | |
| ७ | श्री मित्र सिंह लामा | नगर सभा सदस्य | |
| ८ | श्री मुलचन्द राना | नगर सभा सदस्य | |
| ९ | श्री राना श्रवण | नगर सभा सदस्य | |
| १० | श्री नर वहादुर वि.क. | नगर सभा सदस्य | |
| ११ | श्री सुकदेव राना | नगर सभा सदस्य | |
| १२ | श्री तुलसी अर्याल | नगर सभा सदस्य | |
| १३ | श्री कलावती वड | नगर सभा सदस्य | |
| १४ | श्री नैनमति चौधरी | नगर सभा सदस्य | |
| १५ | श्री बल वहादुर वि.क. | नगर सभा सदस्य | |
| १६ | श्री भिम वहादुर दमाई | नगर सभा सदस्य | |
| १७ | श्री मनमाया विश्वकर्मा | नगर सभा सदस्य | मनमाया |
| १८ | श्री यादुराम सार्की | नगर सभा सदस्य | |

| क्र.सं. | नगर सभा सदस्यको नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १९ | श्री शान्ती माया तामाङ | नगर सभा सदस्य | |
| २० | श्री शर्मिला श्रेष्ठ | नगर सभा सदस्य | |
| २१ | श्री गोमति कुमारी अवस्थी | नगर सभा सदस्य | |
| २२ | श्री रम्वा सुनार | नगर सभा सदस्य | |
| २३ | श्री रघुनाथ राना | नगर सभा सदस्य | |
| २४ | श्री लाल वहादुर तामाङ | नगर सभा सदस्य | |
| २५ | श्री मनकामना शाही | नगर सभा सदस्य | |
| २६ | श्री पार्वती देवी लुहार | नगर सभा सदस्य | |
| २७ | श्री सुब्बा राना | नगर सभा सदस्य | |
| २८ | श्री ईश्वर थापा | नगर सभा सदस्य | |
| २९ | श्री पवित्रा कामी | नगर सभा सदस्य | |
| ३० | श्री सुपा तामाङ | नगर सभा सदस्य | |
| ३१ | श्री बम वहादुर तामाङ | नगर सभा सदस्य | |
| ३२ | श्री विष्णु नेपाली | नगर सभा सदस्य | |
| ३३ | श्री रेवती रमण घिमिरे | नगर सभा सदस्य | |
| ३४ | श्री सूर्य वहादुर मल्ल | नगर सभा सदस्य | |
| ३५ | श्री कविता पुजारा | नगर सभा सदस्य | |
| ३६ | श्री लाल वहादुर राना | नगर सभा सदस्य | |
| ३७ | श्री टेक वहादुर वोहरा | नगर सभा सदस्य | |
| ३८ | श्री विष्णु माया कोइराला | नगर सभा सदस्य | |
| ३९ | श्री भावना स्वर्णकार सुनार | नगर सभा सदस्य | |
| ४० | श्री ठाकुर प्रसाद अमगाई | नगर सभा सदस्य | |
| ४१ | श्री सुमित्रा भुजेल | नगर सभा सदस्य | |
| ४२ | श्री सहारा राना | नगर सभा सदस्य | |
| ४३ | श्री केशव सार्की | नगर सभा सदस्य | |
| ४४ | श्री हिरा देवी परियार | नगर सभा सदस्य | |

CS Scanned with CamScanner

| क्र.सं. | नगर सभा सदस्यको नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४५ | श्री दिपक तामाङ | नगर सभा सदस्य | |
| ४६ | श्री देवी कार्की | नगर सभा सदस्य | देवी |
| ४७ | श्री दिपेश मल्ल | नगर सभा सदस्य | |
| ४८ | श्री लक्ष्मी सुनार | नगर सभा सदस्य | |
| ४९ | श्री दुलेराम राना | नगर सभा सदस्य | |
| ५० | श्री मणिनाथ वोगटी | नगर सभा सदस्य | |
| ५१ | श्री राजन वहादुर सुनार | नगर सभा सदस्य | |
| ५२ | श्री राम वहादुर खाती | नगर सभा सदस्य | |
| ५३ | श्री कोपिला वि.क. | नगर सभा सदस्य | |
| ५४ | श्री कृष्ण दमाई | नगर सभा सदस्य | |
| ५५ | श्री पदमराज उपाध्याय | नगर सभा सदस्य | |
| ५६ | श्री फुलन चौधरी | नगर सभा सदस्य | |
| ५७ | श्री मनमाया सुनार | नगर सभा सदस्य | मन माया |
| ५८ | श्री प्रदिप सिंह | नगर सभा सदस्य | |
| ५९ | श्री पदम सिंह धामी | नगर सभा सदस्य | |
| ६० | श्री गणेश सिंह ऐरी | सभाको सचिव | |

आमन्त्रित तथा अन्य उपस्थिति:

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CS Scanned with CamScanner

**प्रगति समिक्षाः**

नगर सभाका सभाअध्यक्ष ज्यू, नगर सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यू लगायत सम्पुर्ण कर्मचारी ज्यूहरु, पत्रकार ज्यूहरुका साथै उपस्थित सम्पुर्ण महानुभावहरु ।

पुनर्वास नगरपालिकाले तयार गरेको आर्थिक बर्ष २०८२।०८३ को नीति, बजेट तथा कार्यक्रम १७ औ र १८ औ नगरसभाबाट पारित भई कार्यान्वयनमा आएको थियो । बिभिद कारणले कार्यक्रम कार्यान्वयनमा ढिलाई भएको भएतापनि निरन्तर कार्यक्रम कार्यान्वयनमा लागि परेका छौ । पुनर्वास नगरपालिले चालु आ. ब. का लिएको लक्ष्य मध्ये मिति २०८३ जेष्ठ मसान्त सम्मको प्रगति समिक्षा (वित्तीय तथा भौतिक अवस्था ) यस गरिमामय नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

## १. वित्तीय प्रगतिः

बिशेष गरि पुनर्वास नगरपालिकाको १७ औं नगरसभाबाट आ.व.२०८२ / ०८३ का लागि नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको आन्तरिक श्रोत र अल्या भएर आउने रकम रु. ८५,५१,७९,०६१।– अक्षेरुपी पचासी करोड एकाउन्न लाख उनासी हजार एक्सठ्ठी रुपैया रकम नगरपालिकाको सञ्चित कोष मार्फत खर्च गर्न अधिकार दिइएकोमा २०८२ भाद्र २३ र २४ मा भएको जेन्जी आन्दोलन र संघिय निर्वाचन कार्यतालिकाले बजेट तथा कार्यक्रम समयमै कार्यान्वयनमा केही ढिलाई भएको कुरा समेत अवगत गराउन चाहान्छु ।

आर्थिक बर्ष २०८२/०८३ मा ८५ करोड ५१ लाख ७९ हजार ६१ रुपैया प्राप्त हुने अनुमान गरी खर्च गर्ने अख्तियारी भएकोमा जेष्ठ मसान्त सम्म आइपुग्दा ४३,१६,८३,४१८.३३ अक्षेरुपी ४३ करोड १६ लाख ८३ हजार ४ सय १८ रुपैया ३३ पैसा अथवा कुल वजेटको ५०.७३% खर्च भएको छ । चालु आ.व.२०८२ / ०८३ को जेष्ठ मसान्त सम्मको अवस्थालाई विश्लेषण गर्दा अमेरिका इरान बिचको युद्धका कारण भएको तेलको मुल्य बृद्धिले गर्दा अधिकांस ठूला आयोजनाहरु समयमा सम्पन्न हुन नसकि अर्को आर्थिक बर्षमा दायित्व सृजना हुने प्राय निश्चित नै छ जसले गर्दा यस वर्षको असार मसान्त सम्ममा कुल आयको लगभग ६०% देखि ७०% मात्र पुँजिगत खर्च हुने अनुमान गरिएको छ ।

चालु आ.ब. २०८२ / २०८३ को जेष्ठ मसान्त सम्मको नगरपालिकाको सञ्चित कोषमा प्राप्त वास्तविक आय तपशिल अनुसार रहेको छ ।

तपशिल

| सि नं | स्रोत समूह | स्रोत | प्रस्तावित आय | हाल सम्मको आय |
|---|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण | १४,९३,००,००० | १३,६५,३४,८५० |
| २ | प्रदेश सरकार | समानिकरण | १,४२,०३,००० | १,२९,६४,३५० |
| ३ | संघीय सरकार | राजस्व बाँडफाड | १२,७०,१३,०६१ | १०,९०,४४,५४५ |
| ४ | प्रदेश सरकार | राजस्व बाँडफाड (सवारी साधन) | ८५,०२,००० | ९९,६७,९३० |
| ५ | आन्तरिक आय | राजस्व संकलन | २३,०४,६१,००० | २४,६१,४५,१४१ |
| ६ | स्थानीय राजस्व बाँडफाँड | घरजग्गा रजिष्ट्रेशन | १,००,००,००० | ३,४८,८२,९०६ |
| ७ | संघीय सशर्त अनुदान | सशर्त चालु /पूंजीगत | २८,६८,००,००० | २८,६५,००,००० |
| ८ | प्रदेश सरकार | सशर्त अनुदान | ७०,००,००० | ९,४३,७५१ |
| ९ | संघीय सरकार | विशेष अनुदान | ०० | ०० |
| १० | प्रदेश सरकार | विशेष अनुदान | ४५,००,००० | ५,५३,००० |
| ११ | संघीय सरकार | समपुरक अनुदान | १,०५,००,००० | २६,६३,७१२ |
| १२ | प्रदेश सरकार | समपुरक अनुदान | ६९,००,००० | १०,००,००० |
| जम्मा | | | ८५,५१,६९,०६१ | ८४,१२,००,१८५ |

➢ **क्षेत्रगत बित्तिय प्रगती:**

| क्र.सं. | विषयगत क्षेत्र | विनियोजन रकम | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७,४०,३५,०००/- | २,२८,६३,६९६।- | ३०.८८% |
| २ | सामाजिक विकास | ३६,८६,९२,५००/- | २३,९५,४६,९५७.९५ ।- | ६४.९७% |
| ३ | पूर्वाधार विकास | १९,१७,८७,०२४/- | ५,०३,८८,८७८.०० ।- | २६.२७% |
| ४ | सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | १,६९,५५,१८४/- | ३७,७३,६४४.००।- | २२.२६% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,३७,०९,३५३/- | ११,५१,१०,५६१.८३ | ५३.७५% |
|  | कुल जम्मा | ८५,५१,७९,०६१/- | ४३,१६,८३,४१८.३३ | ५०.४७% |

## २. भौतिक तर्फ:

❖ १११ उपभोक्ता समितिसँग सम्झौता भई करिबन ७० देखि ८० प्रतिशत उपभोक्ताले काम सम्पन्न गरी भुक्तानी समेत लिइसकेका छन भने केही भुक्तानीको चरणमा र केही निर्माणको चरणमा रहेका छन ।

❖ निर्माणका लागि कुल ४३ वटा आयोजनाको ठेक्का भई केही सम्पन्न, केही निर्माणको चरणमा र केही सम्झौताको चरणमा रहेका छन भने यस बर्ष निर्माण कार्य अन्तर्गत २ वटा भवन बाहेक अन्य कुनै पनि निर्माण कार्य सोझै खरिद प्रकृयाबाट भएका छैनन ।

❖ चालु आर्थिक बर्षमा संघिय तथा प्रदेश सरकारबाट यस पालिकालाई प्राप्त योजनाहरु मध्ये, संघीय सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गतको कृषि तथा पशु विकास शाखाको भवनको दोश्रो तला ढलान भई फिनिसिङको काम केही बाँकी रहनेछ । त्यसैगरि प्रदेश सरकारको बिशेष अनुदानमा प्राप्त रानाथारु संग्राहलयको काम अन्तिम अन्तिम चरणमा छ भने समपुरक अनुदान अन्तर्गत वडा नं ९ को सडक बिटोमिन पाएको अवस्थामा यसै आ. ब. सम्पन्न हुने अनुमान गरिएको छ ।

❖ केही रुग्ण योजना (कोल्ड स्टोर, १५ सैया अस्पताल र सिमरी दशरथ बस्ती सडक) हरु मध्य सिमरी दशरथ बस्ति सडक सम्पन्न भएको छ भने १५ सैया अस्पतालको पेश्कि रकम जफत गर्न खोज्दा निर्माण व्यवसायीले जिल्ला अदालतमा मुद्धा दयर गरि सो मुद्धाको हाल सम्म फैसला हुन नसक्दा योजनाको न काम अगाडी बढेको छ, न ठेक्का नै तोड्न सकिएको छ । त्यसै गरि कोल्ड स्टोरको काम बिगत २ वर्ष देखि काम अगाडी नबढेकाले निर्माण व्यवसायीसँग ठेक्का तोड्न ५ दिन पहिला मात्र पेश्की जफतका लागि बैङ्कलाई पत्राचार गरिएको छ ।

❖ HEIFER संगको सहकार्यमा संञ्चालित "कृषि र पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशीलता कार्यक्रम" अन्तर्गत करिब २००० घर परिवारलाई समेटने गरि ८० समूह गठन, समूहहरुलाइ आधारसिला तालिम सम्पन्न भएको छ । हाल सम्म ३०७ वटा बाख्रा, ५७ वटा बोका, सानो खोर निर्माण १४८ वटा, भकारो सुधार अन्तर्गत ५५ गोठ निर्माण भएका छन । त्यसैगरी ८० वटा समूहबाट रु. ३७,६४,५०४।– बचतको रुपमा जम्मा भएको छ । साथै ४० वटा बाख्रा उपहारको रुपमा बितरण गरिएका छन भने १००० वटा केराका बिरुवा बितरण गरिएका छन। यो सँगसगै तरकारी तथा घासको बिउ वितरण भएको ।

❖ पशुविकास शाखाबाट बिभिन्न तालिम सञ्चालन, ५३,४९२ पशु संख्या विभिन्न खालका मेडिकल उपचारबाट लाभान्वित, २८७२ गाई/भैसी/बाख्रामा कृतिम गर्भाधान गरिएको, ८४७ कुकुर बिरालोमा रेविज विरुद्धको खोप, १६०० बाख्रामा PPR रोग बिरुद्धको खोप, ५००० गाई/भैसीमा खोरेत रोग बिरुद्ध खोप लगाइएको, ८१ घरपालुवा र १४ वटा सामूदायीक कुकुर गरी जम्मा ९५ वटा कुकुरको बन्ध्याकरण गरिएको, २९५ गाई/भैसीमा लम्पी स्किन रोगको उपचार तथा रोकथाम गरिएको र १५०० घर धुरी संख्यामा ३३ क्विन्टल खनिज ढिक्का वितरण गरिएको ।

❖ कृषि बिकास शाखा मार्फत ५० प्रतिशत अनुदानमा ७९ जनालाई विद्युतिय सिचाई, ४ वटा समुह / सहकारीमा मूल बिउ वितरण, ३०५ समुहमा बर्षे धान, चैते धान र गहुको उन्नत विउ वितरण, उन्नत तथा हाइब्रिड मकैको बिउ वितरण, ७५ प्रतिशत अनुदानमा विषादी , एकल महिलालाई तरकारी उत्पादन तथा प्रदर्शनी गर्नुका साथै नगर स्तरिय बिभिन्न तालिम संञ्चालन गरिएको ।

❖ चालु आ. ब. २०८२ / ०८३ मा न्यायिक समितिमा परेका कुल ५१ मुद्धा मध्ये मेलमिलापका आधारमा ४६ वटा मुद्धाहरुको फस्यौंट भएको छ भने बाँकी मुद्धाहरु फस्यौंटको चरणमा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

❖ मिति २०८३ भाद्र २३/२४ मा भएको जेन्जी आन्दोलबाट पुनर्वास नगरपालिका पनि अछुतो रहन सकेन र पालिकामा भएको आगजनी तथा तोड्फोडका भएका करणले हाम्रा सबै ऐन कानुन, दस्ताबेज, अभिलेखहरु जलेर नष्ट हुन गएकाले यसै आर्थिक बर्षमा १२ वटा ऐन निर्माण भएको र राजपत्रमा प्रकाशन गर्ने तयारी अवस्थामा रहरेको ।

❖ रोजगारसेवा केन्द्र मार्फत नगरपालिका बाट १७१ जनाले निःशुल्क पुनःश्रम स्विकृत लिएका छन भने २ जनाको शव (लास) झिकाउने पहल गरिएको र बैदेशिक रोजगारीका शिलशिलामा मृत्यु भएका व्यक्तीका सन्ततीलाई छात्रवृत्ती कार्यक्रम अन्तर्गत ५ जनालाई सिफारिस गरिएको छ । कल्याणकारी कोषवाट विरामीलाई पाईने आर्थिक सहायता अन्तर्गत ४ जनालाई सिफारीस गरिएको छ । मृत्यु भएका दुईजना मध्ये  एक जनाले राज्यका तर्फबाट पाउनुपर्ने सम्पुर्ण सेवा सुविधा पाई सक्नु भएको छ । तालिम अन्तर्गत कफि/बारिष्टा, वेटर, उद्यमशिलता विकास लगायतका कार्यक्रम सञ्चालन भएको छ ।

❖ धनगढी रेडक्रस शाखाबाट पुनर्वास नगरपालिका भित्र बसोबास गर्ने मध्य २०५ व्यक्तिले  २०५ पिन्ट रगत प्राप्त गर्नु भएको, घर देखि घाट सम्मको शब बहान मार्फत करिब १६६ जना मृतकका परिवारले निशुल्क यो सेवा लिनु भएको, करिब ८३  परिवारले निशुल्क रुपमा शब चिस्यान मेसिनको उपयोग गर्नु भएको ।

❖ लघुउद्यम विकास शाखाबाट १५ जनालाई होजियरी सिप बिकास तालिम, १५ जनालाई बुकी बनाउने तालिम, २० प्रतिशत सहभागीहरुको लागत सहभागितामा ६ जनालाई ईलेक्ट्रिसियन सामाग्री, ब्युटिपार्लर सामाग्री बितरण गरिएको ।

❖ यसै आर्थिक बर्षबाट सुरु हुने गरी पालिकामा भू सेवा केन्द्र मार्फत जग्गा  खरिद बिक्री सम्वन्धी कामको सुरुवात गरिएको जस मध्ये एक जनालाई लालपुर्जा पनि बितरण गरिएको ।

❖ यस नगरपालिका अन्तरगतका सामुदायिक र संस्थागत  विद्यालयहरुमा शैक्षिक सत्र २०८२ मा बालविकास कक्षा / पूर्वप्राथमिक तह  देखि कक्षा १२ सम्म   १८,८६६ जना विद्यार्थीहरु अध्ययनरत रहेका, अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँचका लागि विद्यालय बाहिर रहेका ५ देखि १३ बर्ष सम्मका बालबालिकाहरुको तथ्याङ्क संकलन गरिएको, शिक्षक दरवन्दी मिलान गरिएको, ४ वटा विद्यालयहरुमा विद्यार्थी वृत्ती मार्गदर्शन कार्यक्रम सञ्चालन गरिएको, ६१ जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम दिइएको, ३२ जना शिक्षकहरुलाई योग सम्बन्धी तालिम र ६२ जना शिक्षकहरुलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिइएको, २ वटा विद्यालयमा ८ वटा  कक्षाकोठा निर्माण सम्पन्न भएको र अन्य २ वटा विद्यालयहरुमा ८ वटा कक्षाकोठा निर्माण सम्पन्न हुने अवस्थामा रहेका २ वटा विद्यालयमा भर्चुअल शिक्षण, ई लर्निङ् र विज्ञान प्रयोगशाला व्यवस्थापन, २ वटा विद्यालयमा स्मार्ट बोर्ड जडान, २ वटा विद्यालयहरुमा बालउद्यान  र ९ वटा विद्यालयहरुमा बालविकास केन्द्रका लागि सिकाइ सामग्री व्यवस्थापनको क्रममा रहेको, बालविकास कक्षा देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम र ६ देखि १२ सम्मका लागि सेनिटरी प्याड बितरण, स्थानीय पाठ्यपुस्तक छपाई गरी वितरण गरिएको,  ५० प्रतिशत लागत साझेदारीमा एक शिक्षक एक ल्याप्टप कार्यक्रम कार्यक्रम अन्तरगत १४ जना शिक्षकहरुलाई ल्यापटप वितरणको प्रक्रियामा रहेको छ ।

- ९३५ जनालाई सिकलसेल एनिमिया, थालासिमिया निशुल्क रक्त जाँच गरिएको, समुदायमा, १००० जनामा प्रजनन रुग्णता कार्यक्रम संञ्चालन, मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम, आमा सुरक्षा, ग्रामिण अल्ट्रा साउण्ड, PNC home Vesite, त्रिभुवनबस्ती स्वास्थ्य चौकीमा फुल्ली अटोमेटीक बायोकेम्स्ट्री एनालाइजर मेसिन जडान गरिएको, पराशन स्वास्थ्य चौकीमा हेमाटोलोजी एनालाइजर मेसीन जडान, डिस्टिल वाटर प्लान्ट जडान गरिएको।
- यस आर्थिक बर्षमा नेपाल सरकारका  पूर्व सचिव गोपी मैनाली द्धारा कर्मचारीहरुको क्षमता विकास तालिम गरिएको छ भने भए सम्म सबै वडाहरुमा स्थायी कर्मचारीहरुलाई नै वडा सचिवका रुपमा खटाउने काम भएको छ।

## पुनर्वास नगरपालिकाका नगर उप-प्रमुख श्री भुलिया कुमारी रानाज्यूबाट आ.व.२०८३/०८४ को लागि प्रस्तुत गरिएको वार्षिक नीति,कार्यक्रम तथा बजेट

गरिमामय नगरसभाका सभाध्यक्षज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकारज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा १९ औं नगरसभामा हार्दिक स्वागत गर्दछु ।

नेपालको शासन प्रणाली तथा राज्यव्यवस्था परिवर्तनको लागि विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा देशका लागि आफ्नो प्राण आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान  शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै शहिद परिवारजनमा सम्मान प्रकट गर्न चाहन्छु । राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने सम्पुर्ण नेपाली नागरिक र सो को नेतृत्व गर्नुहुने शिखर व्यक्तित्वहरु साथै पुनर्वासको समृद्धिको लागि आफ्नो जिवनको महत्वपूर्ण समय खर्चनुहुने श्रद्धेय महानुभावहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

**गरिमामय नगरसभाका सभाध्यक्षज्यू लगायत सम्पूर्ण सदस्यज्यूहरु,**

संघीयता पछिको दोश्रो स्थानीय तहको निर्वाचन मार्फत आम पुनर्वासी जनताले दिएको अमुल्य मतको सम्मान गर्दै यो महत्वपूर्ण जिम्मेवारी  सदैव मन, बचन र कर्मले निस्वार्थ रही स्रोत / साधनको उपलब्धता भए सम्म  पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुका साथै पुनर्वासको सर्वाङ्गीण विकासका लागि सदैव यहाँहरुको साथ सहयोगका साथै सकारात्मक सुझाव / सल्लाहको समेत अपेक्षा गर्दछु ।

**श्रद्धेय नगरसभाका अध्यक्ष एवम् नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

यस पुनर्वास नगरपालिकाको १९ औं नगर सभा समक्ष पुनर्वास नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा संक्षिप्त बजेट पेश गर्न गईरहेको छु । नगर सभा समक्ष पेश हुन गईरहेको यो वार्षिक नीति, कार्यक्रम तथा संक्षिप्त बजेट पुर्ण रुपमा कार्यान्वयन हुन / गर्न सबै पक्षको साथ सहयोग रहने कुरामा  बिश्वस्त छु साथै बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुजातिले भरिपूर्ण सुदूर-पश्चिम प्रदेशको पुनर्वास नगरपालिकाको चौतर्फी विकासका साथै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टचार नियन्त्रण, आर्थिक रुपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापना गर्नमा सबै लिङ्ग, बर्ग, समुदायलाई प्रत्यक्ष / परोक्ष सहयोग र सर्मथन गर्नुहुन सम्पूर्ण महानुभावहरुमा  हार्दिक अपिल पनि गर्दछु ।

आ. ब. २०८२ /०८३ को बजेट तथा कार्यक्रममा २०८३ जेष्ठ मसान्त सम्मको पुनर्वास नगरपालिकाको भौतिक तथा बित्तिय प्रगतिको अवस्थाका साथै नेपालको संविधान २०७२ को अनुसूची ८ मा रहेका स्थानीय तहको एकल अधिकारका सूची र अनुसूची ९ मा रहेका तिनै तहको सरकारका साझा अधिकारका सूची, नेपाल सरकारको सोह्रौं योजना, नेपाल सरकार तथा प्रदेश सरकारले घोषणा गरेको आगामी आ.व. २०८३ /०८४ को नीति, बजेट तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु, स्थानीय  सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भएका स्थानीय तहका अधिकारका सुचीहरु र यस पुनर्वास नगरपालिकाको वर्तमान अवस्थाका साथै विभिन्न श्रोतहरुबाट प्राप्त सुझावहरुलाई समेत आधारमानी आगामी आ.व. २०८३ / ०८४ को नीति, कार्यक्रम तथा संक्षिप्त बजेट तयार गरिएको छ ।

## आ.ब. २०८३ / ०८४ नीति तथा कार्यक्रम

नगर सभाका अध्यक्ष ज्यू लगायत सदस्य ज्यूहरुः

अब म पुनर्वास नगरपालिकाको आगामी आर्थिक बर्ष २०८३ / ०८४ को नीति तथा कार्यक्रम र संक्षिप्त बजेट नगर सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### बजेटका प्राथमिकताका क्षेत्रहरुः-

**१. पूर्वाधार विकास**

सडक, पुल, खानेपानी, सिंचाइ, विद्युत्, ढल निकास, भवन निर्माण मापदण्ड, भू उपयोग योजना, यातायात पूर्वाधार आदि। सिमा क्षेत्र बस्ती बिकाससँगै सडक सञ्जाल विस्तार ।

**२. शिक्षा क्षेत्र**

विद्यालय सुधार, शैक्षिक सामग्री, शिक्षक क्षमता विकास, प्रविधिमैत्री शिक्षा ।

**३. स्वास्थ्य सेवा**

स्वास्थ्य चौकी सुदृढीकरण, औषधि उपलब्धता, मातृ तथा बाल स्वास्थ्य कार्यक्रम ।

**४. कृषि तथा पशुपालन**

उत्पादन वृद्धि, कृषि प्रविधि विस्तार, सिंचाइ, पशु स्वास्थ्य सेवा, प्राङ्गारीक खेती, व्यवसायीक तथा सामुहिक खेती प्रणाली ।

**५. रोजगार तथा उद्यम विकास**

सीपमूलक तालिम, युवा स्वरोजगार, साना तथा घरेलु उद्योग प्रवर्द्धन ।

**६. सामाजिक समावेशीकरण**

महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका कार्यक्रम ।

**७. वातावरण तथा विपद् व्यवस्थापन**

वन संरक्षण, फोहोर व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, विपद् तयारी ।

**८. सुशासन तथा सेवा प्रवाह**

डिजिटल सेवा, प्रशासनिक क्षमता अभिवृद्धि, पारदर्शिता र उत्तरदायित्व ।

**९. संस्कृति, पर्यटन तथा खेलकुद**

स्थानीय सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, खेलकुद पूर्वाधार विकास ।

इको टुरिजमको बिकास, पर्यटन पुर्वाधार, ।

स्थानीय जनताको माग र विकास आवश्यकताअनुसार कार्यक्रम छनोट।

**१०. नवप्रवर्तन केन्द्र**

नवप्रवर्तन केन्द्रको स्थापना।

डिजीटल प्लेटफर्म मार्फत युवा रोजगारी सृजना।

सार्वजनिक नीजि साझेदारी मार्फत कार्यक्रम सञ्चालन।

स्टार्टअप र उद्यमशिलता इको सिस्टम

**नेपालको स्थानीय तह सञ्चालन सम्बन्धी अभ्यास अनुसार बजेट विनियोजन गर्दा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनलाई मुख्य क्षेत्रका रूपमा प्राथमिकता दिने रहनेछन।**

**आ.व. २०८३/०८४ मा पुनर्वास नगरपालिकाले अवलम्वन गर्ने नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :**

### १. पूर्वाधार विकास सम्बन्धी उद्देश्य

- गुणस्तरीय सडक, पुल, खानेपानी, ढलनिकास र अन्य आधारभूत सेवा विस्तार गर्नु ।
- नागरिकको सहज आवागमन र सेवा पहुँच सुनिश्चित गर्नु ।
- विद्युतीय सिँचाइ विस्तार गर्नु ।
- भू - उपयोग योजना, यातायात पुर्वाधार विस्तारका साथै सिमा वस्ती बिकासलाई जोड दिनु ।
- कच्चि सडक मुक्त नगर बनाउनु ।

### २. शिक्षा क्षेत्र सम्बन्धी उद्देश्य

- सबै नागरिकलाई गुणस्तरीय र पहुँचयोग्य शिक्षा उपलब्ध गराउनु ।
- विद्यालयको शैक्षिक गुणस्तर तथा शिक्षकको क्षमता अभिबृद्धी गरी सिकाइ उपलब्धि सुधार गर्नु ।
- प्रविधिमैत्री, सिपमुलक तथा डिजीटल शिक्षामा जोड दिनु साथै

### ३. स्वास्थ्य क्षेत्र सम्बन्धी उद्देश्य

- आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सहज, सुलभ पहुँच बढाउनु ।
- मातृ, शिशु तथा सामुदायिक स्वास्थ्यमा सुधार ल्याउनु ।
- रोग रोकथाम र स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धी गर्नु ।
- स्वास्थ्य संस्थाको सुदृढीकरण र औषधीको सहज, सर्वसुलभ पहुच अभिबृद्धी गर्नु ।

### ४. कृषि तथा पशुपालन सम्बन्धी उद्देश्य

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- किसानको आयस्तर सुधार गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।
- आधुनिक कृषि प्रविधी र व्यवसायीक खेतीका साथै पशुपालन क्षेत्रको विकासलाई प्रोत्साहन गर्नु ।
- खाद्य सुरक्षा तथा आत्मनिर्भरता हासिल गर्ने ।
- कृषि उत्पादनलाई उद्योग, प्रशोधन र वजारसँग जोड्दै बैदेशिक रोजगारीबाट फर्किएका जनशक्तीलाई कृषि उद्यममा आकर्षित गर्नु ।

### ५. रोजगार तथा उद्यम विकास सम्बन्धी उद्देश्य

- स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्नु ।
- युवा तथा महिलालाई उद्यमशीलतामा प्रोत्साहन गर्नु ।
- सिप विकास मार्फत बेरोजगारी न्यूनिकरण गर्नु ।
- स्वरोजगार तथा साना उद्यम प्रवर्द्धन गर्दै बैदेशिक रोजगारीको निर्भरता न्यूनिकरण गर्नु ।

**६. सामाजिक समावेशीकरण सम्बन्धी उद्देश्य**

- महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, विपन्न वर्ग र अन्य पछाडि परेका समुदाय तथा बर्गको सशक्तीकरण गर्नु ।
- लैङ्गिक समानता तथा समाबेशी विकासलाई जोड दिनु ।
- सामाजिक न्याय र समान अवसर सुनिश्चित गर्नु।

**७. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी उद्देश्य**

- प्राकृतिक स्रोत तथा वातावरण संरक्षण गर्नु ।
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षमता अभिवृद्धि गर्नु ।
- मानव-बन्यजन्तु द्धन्द न्यूनिकरणका लागि बिभिन्न क्रियाकलाप सञ्चालन गर्नु ।
- फोहरमैला व्यवस्थापन गरी स्वच्छ तथा स्वस्थ वातावरण निर्माण गर्ने ।
- जलवायु परिवर्तनका असर न्यूनिकरण तथा अनुकुलन कार्यक्रम सञ्चालन गर्नु ।

**८. सुशासन तथा सेवा प्रवाह सम्बन्धी उद्देश्य**

- सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउनु ।
- डिजीटल प्रविधिको प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नु ।
- नागरिकमैत्री शासन प्रणाली विकास गर्नु ।

**९. संस्कृति, पर्यटन तथा खेलकुद सम्बन्धी उद्देश्य**

- स्थानीय कला, संस्कृति भाषा तथा  सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नु ।
- पर्यटन र खेलकुद क्षेत्रको विकासमार्फत आर्थिक गतिविधि बढाउनु ।
- खेलकुद गतिविधिको विस्तार गरी स्वस्थ अनुशासित र सक्षम गर्नु

**१०. नवप्रवर्तन केन्द्र**

- नवप्रवर्तन अनुसन्धान तथा उद्यमशिलतालाई प्रोत्साहान गर्नु
- डिजीटल प्लेटफर्म मार्फत युवा रोजगारी र स्वरोजगारमा अवसर सृजना गर्नु
- नयाँ प्रबिधि, सिप तथा व्यवसायीक अवधारणाको विकास र विस्तार गर्नु ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु,**

अव म आ.ब. २०८३/०८४ मा पुनर्वास नगरपालिकाले क्षेत्रगत रुपमा अवलम्वन गर्ने नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न चाहन्छु।

# आर्थिक विकास क्षेत्र

**कृषि क्षेत्रः**

- निर्वाहमुखि खेती प्रणालीलाई प्रतिस्थापन गर्दै उपलब्ध स्थानीय स्रोत, श्रम, सिप र पूँजिको उच्चतम प्रयोग गरी कृषिको व्यवसायीकरण, विद्युतिय सिचाई र यान्त्रिकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य अधिकार सहितको खाद्य सुरक्षा सुनिश्चित गरिनेछ।
- बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन  गर्दै अनियन्त्रित रुपमा आयात हुने बिषादीयुक्त तरकारी खाद्यान्न आयातमा न्यूनीकरण गर्न पहल गरिनेछ।
- वास्तविक कृषकहरुको तथ्याङ्क संकलन गरी कृषक पहिचान कार्यक्रम लागु गर्नुका साथै कृषि वीमा कार्यक्रममा जोड दिईनेछ।
- कृषकहरुलाई स्थानीय आवश्यकता तथा मागका आधारमा व्यवसायिक कृषि तालिम प्रदान गरि उत्पादित बस्तुको बजारीकरणका लागि आवश्यक पहल गरिनेछ।
- माटो परीक्षण कार्यक्रमलाई निरन्तरता दिदै अर्गानिक खेती प्रणालीको प्रवद्धन गर्नकृषि उत्पादनमा  प्राङ्गारिक मलको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- मुक्त कमैया, मुक्त हलिया,एकल तथा दलितमहिला लगायतको जीवनस्तर सुधारका लागि मागका आधारमा आयआर्जनका कार्यक्रमहरु छनौट गरी संचालन गर्ने प्रवन्ध मिलाईनेछ।
- नगरपालिका क्षेत्रका सम्भावना बोकेका खाद्य बस्तुहरुको आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै धान, गहुँ, मकै, मसुरो, आलु, मौरीपालन,च्याउखेतीलाई बिस्तार गर्न मुल बीउ तथा उन्नत बीउ अनुदानमा वितरण व्यवस्था मिलाईनेछ।
- कृषि उपज बजार तथा संकलन केन्द्र एवं शीत भण्डारको निर्माण कार्यलाई तिव्रता दिइनेछ।
- कृषिमा आधारित उद्योगहरु स्थापना गर्न आवश्यक पहल गरिनुका साथै कृषि पर्यटनको विकासमा युवा कृषकलाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालनमा ल्याईनेछ।
- उत्पादित बस्तुहरुलाई बजारीकरणका लागि पायक पर्ने ठाउँहरुमा कृषि हाटबजार तथा संकलन केन्द्र स्थापना तथा विस्तार गरिनेछ।
- समग्र कृषि क्षेत्रको विकास गरी नगरपालिकालाई समृद्ध बनाउनको लागि अल्पकालिन तथा दीर्घकालिन योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ।
- व्यवसायिक कृषि फर्म सञ्चालन गरी अघि बढेका कृषकहरुलाई प्रोत्साहनमूलक कार्यक्रम लागू गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र सम्भावना बोकेका कृषि उत्पादन र हरित ग्रामको विकास गर्न तरकारी, खाद्यान्न, आलुबाली, फलफूल खेती, वीमा सम्वन्धी समूह परिचालन तथा स्थलगत घुम्ति तालिम संञ्चालन गरिनेछ।
- नेपाल सरकार, प्रदेश सरकारको समन्वय  तथा सहयोगमा बाली तथा कृषि बस्तुहरुलाई सम्भावना र उत्पादनको आधारमा पकेट, ब्लक, जोन तथा सुपरजोन जस्ता कृषि उत्पादन केन्द्रहरुको विकास/विस्तार गरिनेछ।
- हरेक टोल र बस्तीहरुमा कृषक समूह, वडा तथा नगरपालिकामा कृषक समन्वय समिति गठन गरिनेछ।
- बजारीकरणका लागि समन्वय तथा कृषि उपज बजारको अनुगमन, नियमन गरिनेछ।

**पशु विकास क्षेत्रः**

- पशु विकास शाखाबाट प्रदान गरिने अनुदानका कार्यक्रमहरुमा पशु वीमा अनिवार्य गरिने नीति अवलम्बन गरिनेछ।

- पशु नश्ल सुधारको लागि कृत्रिम गर्भाधान गर्न तरल नाइट्रोजन, जमेको विर्य लगायतका सेवा तथा सामग्रीको व्यवस्थापन लाई थप प्रभावकारी बनाउदै लगिनेछ । सोको लागि गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रमको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिकको दक्षता वृद्धि र आवश्यक उपकरणको उपलब्धतामा ध्यान दिईनेछ।
- कृषकहरुको सीप विकास गर्न बजारको माग र कृषकको आवश्यकताका आधारमा कृषकहरुलाई व्यवसायिक तालिम सञ्चालन गरी दूध, माछा, मासु र अण्डामा आत्म निर्भर हुने नीति अवलम्वन गरिनेछ।
- पशु स्वास्थ्य प्रभावकारी बनाउनका निम्ति गोबर परीक्षण, पिसाव परीक्षण, दुग्ध तथा रगत परीक्षणका लागि प्रयोगशाला निर्माण तथा उपचार कक्ष सुधारका साथै पशुपन्क्षीमा हुने बिभिन्न रोग तथा जोखिम न्यूनीकरण गर्न बिभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- रेविज रोग उन्मुलनका साथै बिभिन्न रोगहरु बिरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- घरपालुवा तथा सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विदेशबाट फर्केर स्वदेशमा नै पशुपन्क्षीपालन गरी स्वरोजगार सृजना गर्ने व्यक्ति वा समूहलाई नेपाल सरकार र प्रदेश सरकारको सहयोग तथा समन्वयमा पशुपन्क्षी पालनमा अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।
- पशुपन्क्षी आहारको दिगो व्यवस्थापनका लागि तालिम, औजार, उपकरण वितरण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रभित्र रहेका फ्रेश हाउस, पशु बधशाला, पशु आहार उद्योग, औषधी पसल, डेरी उद्योगहरुको गुणस्तर तथा आधूनिकीकरणका लागि अवलोकन, भ्रमण, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन कार्यक्रमलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
- जेनेटिक रोगहरुको बारेमा जनचेतनामुलक कार्यक्रम गर्दै, पशु स्वास्थ्य तथा बाँझोपन निवारणका लागि घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न उन्नत जातको घाँसको बीउ तथा बेर्ना वितरण गर्ने र साईलेज बनाउने तालिम दिईनेछ ।
- व्यवसायीक तथा साना किसानहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न खोर / गोठ सुधार कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

**संस्कृति तथा पर्यटन क्षेत्र :**

- पुनर्वास नगरपालिकामा बसोवास गर्ने आफ्नै मौलिक संस्कृति भएका विभिन्न जातजातिका रीतिरिवाज, भेषभुषा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गरिनेछ।
- नगर क्षेत्रभित्रका बिभिन्न मठ मन्दिर, गुम्बा, चर्च लगायतका अन्य धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन गरिनेछ।
- वडा नं. ९ को प्याराताल, कोटीहोम लगायतका बिभिन्न ताल र अन्य पर्यटकीय क्षेत्रहरुलाई संरक्षण, संम्बर्द्धन गर्दै पर्यटन पुर्वाधारहरुको विकास र विस्तारका लागि आवश्यक गरिनेछ ।
- वडा नं १ मा रहेको राना थारु संग्रहालयलाई सञ्चालन गरी स्थानीय पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ ।

**राजश्व क्षेत्र :**

- राजस्व संकलनलाई आधुनिक प्रविधिमैत्री बनाई आन्तरिक आय बृद्धि गर्न विभिन्न उपायहरु अवलम्वन गरिनेछ ।

- वडा कार्यालयबाटै राजस्व संकलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- करदातालाई प्रोत्साहन गरी स्वैच्छिक रुपमा ***"करले हैन रहरले कर बुझाउने"*** परिपाटीको विकास गरिनेछ ।
- राजस्व सुधार कार्य योजनालाई परिस्कृत र परिमार्जन गरी राजस्व संकलनलाई प्रभावकारी बनाउने नीति लिईनेछ ।
- दर्ता विना सञ्चालन भएका व्यपार ब्यावसायहरुलाई करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता सिबिर सञ्चालन गरिनेछ ।

**उद्योग तथा वाणिज्य क्षेत्र :**

- सार्वजनिक तथा निजी क्षेत्र साझेदारीको अवधारणामा जोड दिदै नगरपालिका क्षेत्र भित्रका बेरोजगार नागरिकहरुको सिप अनुसार ब्यापार व्यवसाय तथा लघु उद्यम सञ्चालन गर्न आवश्यक वातावरण तयार गरिनेछ ।
- कृषि तथा पशुजन्य उद्योग सञ्चालनमा विशेष जोड दिई त्यस्ता उद्योग सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनुका साथै रोजगारमूलक सीप तथा तालिम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित बनाउन श्रम स्वीकृती, सुरक्षित आप्रवासन कार्यक्रम र परामर्श लगायतका कार्यक्रम सञ्चालन  गरिनेछ ।
- घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रर्वद्धन गर्न घरेलु तथा साना उद्योगहरुको दर्ता र नवीकरण गर्ने साथै मझौला तथा साना उद्योग स्थापना तथा सञ्चालन गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई लगानीको लागि सहज वातावरण तयारी गरिनेछ ।
- स्थानीय तहमा रहेका परम्परागत सीपलाई खोजी गरी प्रबर्द्धन गर्दै व्यवसायिक र उद्यमशील बनाईनेछ।

**उद्यम विकास क्षेत्र**

- उद्यम विकासका लागि सामाजिक परिचालन,  उद्यमशीलता  विकास,  प्राविधिक सीप विकास तालिम,  लघु वित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच वस्तु / सेवा बजारीकरण, व्यवसायिक परामर्श तथा अवलोकन भ्रमण जस्ता उद्यम विकास कार्यक्रमको माध्यमबाट आर्थिक विकास गर्ने नीति लिइनेछ ।
- यस पुनर्वास नगरपालिकाको उद्यम विकास समितिले छनौट गरेका वडाहरुमा वैदेशिक रोजगारबाट फर्किएका, बेरोजगार तथा अति विपन्न परिवारलाई उद्यमशीलता विकासको माध्यमबाट मागमा आधारित सिपमूलक तालिमहरु संचालन गरी रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन  गरिनेछ ।
- सीप विकास तालिम लिईसकेका र स्तरोन्नति भएका लघु उद्यमीहरुलाई आवश्यक मेशिन, औजार लयायतका सामग्रीहरु हस्तान्तरण गर्ने नीतिको निरन्तरता तथा विस्तार गरिनेछ।

**सहकारी क्षेत्र :**

- स्थानीय सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुलाई आधुनिक प्रविधिमैत्री बनाउन लागत सहभागितामा उपकरण खरिद गरी उपलब्ध गराईनेछ।
- समान प्रकृतिका सहकारी संस्थाहरु एक आपसमा गाभ्ने वा एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- सहकारी संस्थाहरुसँग मागका आधारमा संयुक्त लगानीमा लागत सहभागितामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुको कारोबार पारदर्शी गर्न सहकारी संस्थाहरुले अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने रणनीति लिईनेछ ।
- सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण, मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी शाखासँगको परामर्शमा आवश्यक तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारीहरुले अनिवार्य रुपमा मासिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिनेछ र सहकारी  संस्थाहरुमा उत्पन्न हुनसक्ने विवादको समाधानार्थ विज्ञहरु समेत रहेको समिति गठन तथा परिचालन गरिनेछ ।

- सहकारी संस्थाहरुलाई आवश्यक यन्त्र उपकरण खरिदमा अनुदानलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- उत्पादन, प्रशोधन र बजारीकरणमा क्षेत्रमा कारोबार गर्ने सहकारीलाई प्रोत्साहन अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारीहरुमा अनिवार्य रुपमा लागू गर्नुपर्ने सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) हरेक सहकारीहरुले अनिवार्य अवलम्बन गर्नुपर्नेछ ।
- विगत लामो समयदेखि साधारणसभा र लेखापरीक्षण नगराई प्रचलित कानूनको उल्लङ्घन गरेका सहकारी संस्थाहरुलाई नियमन गर्ने र दर्ता खारेज गर्ने नीति लिइनेछ ।

**रोजगारी सिर्जना क्षेत्र :**

- दक्ष तथा सक्षम जनशक्ति नगरपालिका भित्रै उत्पादन गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्न आवश्यक सीपयुक्त तालिम सञ्चालन गरी नेपाल सरकार तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार नागरिकहरुको लागि रोजगारीको अवसर सिर्जना गरिनेछ ।
- रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाई श्रम बैङ्कको स्थापना गर्न पहल गरिनेछ ।
- बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप र दक्षताको उपयोग गर्दै स्थानीय विकासमा योगदान पुग्ने किसिमले आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।।
- युवाहरुमा सकारात्मक सोच दक्षता तथा उद्यमशीलता विकास गर्न डिजीटल मार्फत नव प्रवर्तन केन्द्रको स्थापना गरी AI का विभिन्न कोर्ष मार्फत दक्ष जनशक्ती उत्पादन गरिनेछ ।

## सामाजिक विकास क्षेत्र

**महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक क्षेत्र:**

- हिंसाबाट पिडित महिलाहरुको सुरक्षालाई मध्यनजर गरी त्यस्ता महिलाहरुका लागि अन्य छिमेकी पालिकाहरुसंग समन्वय गरी अस्थायी आवासको व्यवस्था गरिनेछ ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित ज्येष्ठ नागरिकहरुको स्वास्थ्य वीमालाई प्राथमिकता दिई सोही अनुसार कार्यक्रम लागू गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्दै लगिनेछ ।
- नगरपालिकालाई स्वच्छ र स्वस्थ बनाउन लागू औषध र दुर्व्यसन बिरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्रका बालबालिका तथा किशोर किसोरीहरुको क्षमता अभिवृद्धि गर्नुका साथै लागूऔषध, बालविवाह, बहुविवाह, छुवाछुत, महिला हिंसा लगायत चेलिबेटी बेचविखन जस्ता अमानवीय कार्यहरु जस्ता सामाजिक बिकृति तथा कुरीतिको विरुद्धमा सचेतना र जागरण अभियान सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गैह्र सरकारी संस्थाहरुलाई नगरपालिकामा नियमनको व्यवस्था मिलाईनेछ ।
- पारिवारिक संरक्षणबाट वञ्चितमा परेका बालबालिका लगायत हरेक प्रकारका पिछडिएको व्यक्तिको संरक्षणका लागि त्यस क्षेत्रमा काम गर्ने संघ / संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- समय समयमा लैङ्गिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।
- ग्रामीण क्षेत्रका विपन्न, असहाय, गरीब, दलित, जनजाति, आदिबासी, अल्पसंख्यक र पछाडि पारिएका वर्ग तथा समुदायका महिलाहरुलाई सामुहिक रुपमा आबद्ध गराई जनचेतना, जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, राजनीतिक र सामाजिक रुपमा सवलीकृत गर्न बिभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरी क्षमता विकास गराउने नीति लिईनेछ ।

- एकल महिला सम्बन्धी तथ्याङ्क संकलन र समूह गठन गरी उनीहरुको माग र आवश्यकताका आधारमा आयमूलक कार्यक्रमहरु संचालन गर्ने नीतिको निरन्तरता दिइनेछ ।
- बालमैत्री नीति बनाउन आवश्यक पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई आत्म सम्मानका साथ बाँच्न पाउने वातावरण तयार गर्न विभिन्न सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- घरेलु हिंसा अन्त्यका लागि दम्पती- सासु बुहारी अन्रतक्रिया कार्यक्रम गरिने छ । सामुदायिक प्रहरीसंगको साझेदारीमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**स्वास्थ्य क्षेत्रः**

- महिला स्वास्थ्यको संवेदनशीलतालाई ध्यानमा राखी नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- समयमा नै औषधी तथा खोपको आपूर्तिको सुनिश्चितता गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुका लागि विभिन्न क्षमता विकासका तालिमको व्यवस्था गरिनेछ ।
- आवश्यक औषधी खरिद प्रक्रियामा सरलीकरण गरी औषधी आपूर्ति व्यवस्थालाई सुनिश्चित गरिनेछ ।
- निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाईनेछ ।
- समाजमा व्याप्त बाल कुपोषण, महिलाहरुको रक्त अल्पता, नसर्ने रोगहरुको व्यापकता, प्रजनन स्वास्थ्य लगायतका क्षेत्रमा विशेष ध्यान दिई आवश्यक बजेट विनियोजन गरिनेछ ।
- सबै उमेर समूहको जनसंख्यामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँचमा जोड दिईनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारहरुलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
- सामूदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन, उत्प्रेरणा र क्षमता अभिवृद्धिका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।
- कुपोषणको रोकथाम गर्न बहुक्षेत्रीय समन्वय र सहकार्य गरी साझा रणनीति अबलम्बन गरिनेछ ।
- बर्थिङ्ग सेन्टरमा कार्यरत दक्ष प्रसुतीकर्मीको क्षमता दक्षता अभिवृद्धि गर्दै लगिनेछ ।
- सिकलसेल, हेमोफिलिया र थलासिमिया रोगको परीक्षण तथा उपचारका लागि आवश्यक कार्यक्रमहरु लागू गरिनेछ।
- जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य जाँचका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सर्पदंश उपचारको लागि नजिकको उपचार केन्द्रसंग सहजिकरण गर्नुका साथै रेबिज रोग उपचार लाई थप व्यवस्थित गरिनेछ ।
- पुनर्वास नगरपालिका भित्र बसोबास गर्ने नगरबासीका लागि आवश्यक पर्ने रगत रेडक्रसबाट लिदा लाग्ने रकम छुटका लागि रेडक्रससँग समन्वय गरी रगत नि:शुल्क हुने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- आर्युवेदिक तथा बैकल्पिक चिकित्सा पद्धतीको प्रवर्तन गरिनेछ ।
- उपचारात्मक सेवा सुदृढिकरणका लागि डाक्टर सहित स्तरिय प्रयोगशाला सेवा सुफत मुल्यमा सञ्चालन गरिनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा प्रवर्तन गरिनेछ ।
- दिर्घरोगीका लागि मासिक भत्ता, HIV पिडितहरुलाई मासिक यातायात खर्च प्रदान गरिनेछ ।
- गर्भवती, प्रसुति तथा सुत्केरीहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण सेवा लिन निःशुल्क एम्बुलेन्स सेवf लिन निःशुल्क एम्बुलेन्स सञ्चालन गरिनेछ ।
- नसर्ने रोगको न्यूनिकरणका लागि योग शिविर, जिवन विज्ञान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**खानेपानी सरसफाई तथा फोहरमैला व्यवस्थापन क्षेत्रः**

- पुनर्वास नगरपालिकाका हरेक नागरीकलाई शुद्ध पिउने पानीमा पहुँच पुर्याउन नगरपालिका भित्र निर्माण सम्पन्न भईसकेका खानेपानी ट्याङ्की सुचारु गर्न आवश्यक पहलका साथै वास प्लान कार्यान्वयन गर्न पहल गरिनेछ ।
- संघिय सरकारको लागानीमा निर्माणाधिन आई.वि.आर.डी. जनकबस्ती ढल निकासलाई आवश्यक पर्ने जग्गा प्राप्तीका लागि आवश्यक पहल गरिनेछ ।
- जैविक फोहोरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गर्दै प्राङगारिक खेतिलाई प्रोत्साहित गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि छिमेकी पालिकाहरु संग समन्वय र सहकार्य गरिनेछ ।
- पुनः प्रयोग पुर्नउत्पादन लाई प्रोत्साहन गर्दै फोहोरलाई स्रोत बाट नै घटाउनको लागि अभियानका रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- वर्गिकृत फोहोरलाई मोहर बनाउन सरसफाई केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- फोहरमैला व्वस्थापनका लागि फोहरमैला व्यवस्थापन केन्द्रको स्थापन गरिनेछ ।

**युवा तथा खेलकुद विकास क्षेत्र:**

- नगर खेलकुद विकास समितिलाई सक्रिय बनाई पुनर्वासको खेलकुद विकासका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- सबै वडामा रहेका खेलमैदानहरुको स्तरोन्नति गरी न्यूनतम सुविधायुक्त बनाउन आवश्यक वजेट विनियोजन गरिनेछ।
- खेलाडीहरुको प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बिभिन्न वडामा रहेका पार्क तथा खाली जमिनहरुमा खुला ब्यामशाला तथा ध्यानकेन्द्रहरुको निर्माण कार्यलाई निरन्तरता तथा विस्तार गरिनेछ ।

**शिक्षा क्षेत्र :**

- “हाम्रो सभ्य पुनर्वास नगर, गुणस्तरीय शिक्षामा समतामुलक अवसर” भन्ने आदर्श वाक्यलाई आधार मान्दै नगरका प्रत्येक विद्यालयहरुमा भौतिक, प्राविधिक तथा वातावरणीय पक्षमा सुधार गरी बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री वातावरण सृजना गरी सिकाइलाइ थप प्रभावकारी बनाइनेछ ।
- शिक्षा सम्वन्धी अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक शिक्षा सम्वन्धी कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- विद्यालयमा दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात तथा कक्षा, विद्यार्थी अनुपात उपयुक्त बनाईनेछ ।
- शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरी पठनपाठन सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- पुनर्वास नगरपालिकाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा प्रदान गर्ने व्यवस्था मिलाई विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याईनेछ ।
- विद्यालय शिक्षक कर्मचारीहरु तथा विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने कामलाई निरन्तरता दिइनेछ ।
- कक्षा ८ र एस. ई. ई. को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हाँसिल गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।
- विषम परिस्थितिमा बालबालिकाहरुको सिकाई कार्यलाई निरन्तरता दिन नेपाल सरकार, प्रदेश सरकार र गैर सरकारी संस्थाको समन्वयमा विद्युतीय सामग्री, छापा सामग्रीको प्रयोग एवं बैकल्पिक सिकाईको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि तथा प्रोत्साहनको लागि आधारभुत र माध्यमिक तहका विद्यालयहरु एवम् शिक्षकहरु मध्येबाट उत्कृष्ट कार्यसम्पादन भएका विद्यालयहरु र शिक्षकहरु छनौट गरी प्रत्येक बर्ष पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

- बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगीहरुलाई नगरपालिकाबाट थप प्रोत्साहान सुविधा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिईनेछ ।
- विद्यार्थीहरुमा लुकेर रहेको प्रतिभाहरुलाई उजागर गरी भविष्यमा उनीहरुको रुची एवम् क्षमतालाई मजवुद बनाउदै लैजानका लागि विभिन्न विधामा नगरस्तरीय प्रतियोगिताहरु सञ्चालन गरी नवप्रतिभाहरुको पहिचान गरिनेछ ।
- विद्यालयमा बाल उद्यान निर्माण गर्न प्रोत्साहान गर्ने नीति लिइने छ ।
- विद्यालय निरीक्षण र अनुगमन कार्यलाई नियमित र व्यवस्थित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका आदिबासी, दलित, विपन्न, सिमान्तकृत तथा बन्चितिकरणमा परेका समुदायका जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक तर्फ उच्च शिक्षा आर्जनका लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- **One Laptop Per Teacher Program** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापनमा आधुनिक प्रविधिको जडानलाई निरन्तरता दिईनेछ ।
- संघ र प्रदेश सरकारले ल्याएका शिक्षा सम्वन्धि नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्वन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी बनाईनेछ ।
- विद्यालय परिसर भित्र वृक्षारोपण गरी हरियाली बनाईनुका साथै रंगरोगन गरी आकर्षक बनाउन प्रोत्साहन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण गरी सबै विद्यालयहरुमा लागू गरिनेछ । साथै स्थानीय पाठ्यक्रममा समय सान्दर्भिक परिमार्जन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा रहेका ई-हाजिरी सिस्टमको कार्यान्वयनलाई निरन्तरता दिदै शिक्षकको उपस्थिति सम्वन्धी अभिलेखलाई व्यवस्थित गरिनेछ साथै सम्पुर्ण सामुदायीक विद्यालयका वेभसाइडहरुलाई व्यवस्थित तथा सुधार गरिदै लगिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेको एक मात्र बहुमुखी क्याम्पसको स्तरोन्नतीका लागि पहल गरिनेछ ।
- शिक्षालाई प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्ने सामाजिक कुरीति, कुसंस्कृति, लागुऔषध सेवन तथा ओसार पसार न्यूनिकरण गर्न विद्यालय स्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहिदका सन्ततीलाई छात्रवृती निरन्तरता दिइ छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- विद्यार्थी वृत्ती मार्गदर्शन कार्यक्रमलाई निरन्तरता दिदै सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विस्तार गरिनेछ ।
- विद्यालयहरुमा योग, मनोपरामर्श, सकारात्मक सोच तथा जिवन विज्ञान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालिका तथा समाबेशी शिक्षा सञ्जालको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रारम्भिक कक्षाहरुमा गणित शिक्षा सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

## पूर्वाधार विकास क्षेत्र

### भौतिक पूर्वाधार क्षेत्रः

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि स्थानीय मर्मत सम्भार कोषको व्यवस्था गर्न आवश्यक प्रक्रिया अगाडि बढाईने छ ।
- नगर यातायात गुरुयोजना **(Municipal Transportation Master Plan-MTMP)** अद्यावधिक गरिनेछ ।
- प्रदेश सरकार र नेपाल सरकारको बहुबर्षीय योजनामा परि ठेक्का भएका तर हाल रुग्ण आयोजनाहरुको निरन्तरताका लागि प्रदेश तथा नेपाल सरकारसँग आवश्यक पहल गरिनेछ ।
- अपुरा रहेका योजनालाई प्राथमिकताका आधारमा निरन्तरता दिईनेछ ।

- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारको विकास गर्ने नीति लिइनेछ ।
- नदी तथा वाढी नियन्त्रणका लागि तटवन्ध गर्न नेपाल सरकारको जनताको तटबन्ध कार्यक्रम सँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।
- कोल्ड स्टोर निर्माण कार्यलाई पहिलो प्राथमिकतामा राखी आवश्यक प्रक्रिया अघि बढाईनेछ ।
- "गाउँ नगर सडक विस्तार, सम्वृद्धिको मूल आधार" को मूल लक्ष्य सहित ग्रामिण क्षेत्रको पूर्वाधार विकासलाई उत्पादन मूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक नीजि साझेदारीका आधारमा विकास योजनाहरु सञ्चालन गर्ने नीति लिईनेछ।
- अपांगमैत्री, बालमैत्री भवन निर्माण र Child Care Center बनाउन आवश्यक पहल गरिनुका साथै शिशु स्तनपान कक्ष सहितको सरकारी भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सडक बत्ती जडान तथा मर्मत कार्यलाई व्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्रभित्र विस्तार हुन नसकेको ठाउँमा विद्युत विस्तार गरी सबै जनताको विद्युतमा पहुँच पुर्याउन पहल गरिनेछ।
- कच्चि सडक मुक्त नगरको अवधारणा अन्तर्गत सबै कच्ची सडकहरुलाई ग्राबेल बिच्छयाउने काम गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः**

- नगरको वातावरणीय स्वच्छताका लागि सव डिभिजन वन कार्यालय, बिभिन्न संघ/संस्था र निजी क्षेत्रको सहकार्यमा सार्वजनिक-निजी जमिनमा गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ ।
- जल तथा मौसम पूर्वानुमान महाशाखाको फिल्ड अफिस अत्तरिया लगायत बिभिन्न विकास साझेदार संघ / संस्थाहरुको सहकार्यमा दोदा नदीको जोखिम प्रभावित क्षेत्र (Risk Polygon) निर्धारण गरी नक्शाङ्कन गरिनेछ । सो नदीबाट उत्पन्न हुनसक्ने जोखिम सम्बन्धी सूचना समुदायसम्म प्रवाह हुने पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाईनेछ।
- नगरपालिका, वडा, विद्यालय तथा समुदायस्तरमा आपतकालिन सामग्रीको खरिद तथा व्यवस्थापन, पूर्वतयारी र क्षमता विकास जस्ता कार्यहरू सञ्चालन गरिनेछ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न वडा एवम् समुदाय स्तरमा रहेका विपद् तथा जलवायु उत्थानशील समितिहरुको क्षमता अभिवृद्धि गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरी कार्यान्वयन गरिनेछ ।
- समुदायस्तरीय विपद् व्यवस्थापन समितिहरू तथा अन्य सरोकारवाला संघ/संस्थाहरूको सक्रिय सहभागितामा बाढी, भूकम्प, आगलागी लगायतका विभिन्न प्रकोपहरूको कृत्रिम घटनाको अभ्यास सञ्चालन गरिनेछ ।
- जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द २४ सै घण्टा सञ्चालनको व्यवस्था मिलाईनेछ ।
- स्थानीय पाठ्क्रममा विपद व्यबस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु अध्यावधिक गरिनेछ।
- विकास निर्माण तथा भौतिक संरचना निर्माण गर्दा जलवायु परिवर्तनका सम्भावित जोखिमहरु लाई मध्यनजर गर्दै बिपद् तथा जलवायुमैत्री विकास अवधारणालाई आत्मसाथ गरी कार्यान्वयन गरिनेछ ।
- डुवानको जोखिम हुने स्थानहरुमा निर्माण हुने घरहरु सुरक्षित निर्माण गर्न / गराउन समुदायमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विकास साझेदारहरुको समन्वय र सहकार्यमा आवश्यकता अनुसार सुरक्षित आश्रयस्थल(सेफ हाउस) निर्माण गरिनेछ ।
- दोदा नदीबाट कटान एवम् डुवान हुने क्षेत्रमा समुदायको सहभागितामा जैविक तटबन्ध निर्माणकार्यलाई विस्तार गरिनेछ ।
- ताल-तलैया लगायतका प्राकृतिक श्रोतहरुको उचित संरक्षण गर्दै पर्या-पर्यटनको गतिविधि सञ्चालन गरिनेछ।
- परम्परागत खेती प्रणालीलाई सुधार गर्दै जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।

- पालिकाको जोखिम नक्सांकन कार्य अध्यावधिक गरी उच्च जोखिम क्षेत्रमा सुरक्षित स्थानहरु पहिचान गरिनेछ ।
- यस नगरपालिका समेत सदस्य रहेको दोदा बहुसरोकर मञ्चको मार्गदर्शन निर्देशिका अनुसार दोदा जलाधारमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन अन्य सदस्य पालिका र विकास साझेदारहरुसित सहकार्य गरिनेछ।
- पूर्वानूमानमा आधारित पुर्व कार्य (Early Action) लाई आवस्यकता अनुसार कार्यान्वयन गरिनेछ ।
- जल तथा मौसम विज्ञान विभाग लगायत विकास साझेदारसँगको सहकार्यमा यस पालिकामा प्रभावमा आधारित पूर्वानुमान सेवा सुरुवात गरिनेछ ।
- समुदायमा हुने गरेका आगलागी सम्बन्धीका घटना कम गर्न महिलाहरुलाई आगलागी नियन्त्रण सम्बन्धी तालिम नमूनाको रुपमा शुरुवात गरिनेछ।

## ***सुशासन तथा संस्थागत क्षमता विकास सम्वन्धी क्षेत्र***

### मानव पुजी विकास तथा संस्थागत क्षमता विकास क्षेत्रः

- नगरपालिकाको प्रशासनिक तथा सांगठनीक संरचना र संस्थाको प्रणालीलाई चुस्त, दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउँदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा कर्मचारी पदपुर्तिका लागि आवश्यक पहल गरिनेछ ।
- नगर र वडाका सबै कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ र त्रैमासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ ।
- नगर कार्यपालिकाको कार्य सम्पादनलाई छिटो छरितो पारदर्शी एवंम सेवाग्राही मैत्री तुल्याउन **Digital Governance** मा जोड दिईनेछ ।
- नगरपालिका अन्तर्गत स्थानीय सेवामा कार्यरत कर्मचारिहरुको जीवन वीमा तथा कर्मचारी कल्याण कोषको संचालन गर्न कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि निरन्तरता दिइनेछ ।
- राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसस्कृतिको विकास गरिनेछ । राष्ट्रसेवकहरुमा ज्ञान, सिप र पेशागत मर्यादाको विकास गरी नगर सरकारको सेवालाई नयाँ गतिका साथ संचालन गरिनेछ ।
- नगरपालिका भित्र दर्ता चलानी तथा महत्वपूर्ण डकुमेन्टलाई दिर्घकालसम्म जोगाई राख्नका लागि "अफिस अटोमेसन प्रणाली" लाई कार्यान्वयनमा ल्याईनेछ ।
- उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति तथा अन्य समितिका व्यक्तिहरुलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरीनेछ ।
- जनप्रतिनिधि, पदाधिकारीहरु तथा कर्मचारिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु तथा अभिमुखिकरण कार्यलाई निरन्तरता दिइनेछ ।
- जनप्रतिनिधि, पदाधिकारीहरु तथा कर्मचारीहरुबीच समय समयमा अन्तरक्रिया छलफल लगायतका क्रियाकलाप संञ्चालन गरिनेछ ।
- नगरपालिकाबाट संञ्चालन हुने सिप विकास, क्षमता विकास र नेतृत्व विकास जस्ता मानव संसाधन विकासका तालिमहरु संचालन गर्दा पूर्ण रुपमा तालिमको उपादेयता, गुणस्तरीयतालाई ध्यान दिइनेछ ।

### प्रशासन सुधार क्षेत्रः

- कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त र समय सापेक्ष बनाउन बहुसीपयुक्त जनशक्ति तयार गर्ने नीति लिईनेछ ।
- संगठनात्मक संरचना अनुसार कर्मचारीहरुको उचित व्यवस्थापन गरी  गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।
- भ्रष्टाचार निर्मुल गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

- नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राखी सेवाप्रवाहमा थप प्रभावकारिता ल्याउन नेपाल सरकारले तोकेको न्यूनतम तलबमानका आधारमा एकरुपता कायम गरी सामाजिक सुरक्षा कोषमा समेत आवद्ध गर्ने नीति लिईनेछ।
- नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई पद तथा कार्यक्षमता अनुरुप जिम्मेवारी दिने नीति लिईनेछ।

**न्याय सम्पादन सम्वन्धी क्षेत्रः**

- "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने मान्यतालाई आत्मसात गर्दै न्यायिक समीतिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।
- प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाइ थप व्यवस्थित र प्रभावकारी बनाउदै समुदायमा उत्पन्न हुने सामान्य प्रकृतिका बिवादहरुलाई वडामै समाधान हुने वातावरण सृजना गरिनेछ ।
- न्यायिक समितिबाट हुने व्यक्तिगत विवाद समाधानमा मात्र केन्द्रित नभइ सम्पूर्ण किसिमका धार्मिक साँस्कृतिक तथा प्राकृतिक विवादहरुको पनि समस्या समाधानमा केन्द्रित हुनेछ।
- सामाजिक-सांस्कृतिक सहिष्णुता कायम गर्नका लागि पास्टर, गुरुवा, भलमन्सा, धर्म गुरु, धामीझाक्री आदिलाई सचेतना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन क्षेत्र :**

- बजार अनुगमन कार्यलाई प्राथमिकतामा राखीबजारमा हुने गुणस्तरहीन खाद्य बस्तुको बिक्रि-वितरण, कृत्रिम अभाव सिर्जना, कालो बजारी लगायतका क्रियाकलापलाई न्यूनीकरण गर्न आवश्यक चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बजार अनुगमनको माध्यमबाट नगरपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्न लगाई राजस्वको दायरा बृद्धि गरिनेछ।
- सीमामा रहेका भारतीय बजारबाट आयात हुने गुणस्तरहीन बस्तुहरुको प्रयोगलाई न्यूनीकरणगर्न प्रभावकारी रुपमा बजार अनुगमन गरिनेछ ।

**आन्तरीक लेखा परीक्षण तथा वित्तीय सुशासन क्षेत्रः**

- चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण गरी चौमासिक प्रतिवेदन पेश गर्नुका साथै उक्त प्रतिवेदन माथि समिक्षा गरिनेछ ।
- वित्तीय सुशासन कायम गर्न बेरुजू न्यूनीकरण तथा फरफारकलाई प्राथमिकतामा राखी आर्थिक अनुशासन कायम राख्न जोड दिइनेछ।

**वित्तीयक्षेत्र तथा आर्थिक अनुशासन क्षेत्रः**

- वित्तीय संस्थामा हरेक व्यक्तिको सहज पहुँच पुर्याउन "एक व्यक्ति एक खाता" नीतिलाई निरन्तरता दिई बैंक मार्फत आर्थिक कारोवार गर्न बिशेष जोड दिईनेछ ।
- नगरपालिकाको नाममा कायम वेरुजुलाई घटाँउदै शून्य बेरुजुमा झार्ने नीति अवलम्बन गरिनेछ ।
- वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**सूचना तथा सञ्चार प्रविधि क्षेत्रः**

- स्थानीय सुशासन कायम गर्न विद्युतीय शासन प्रणालीको अंगीकार गर्दै नगरवासीहरुलाई प्रदान गरिने सेवा प्रवाहमा सहजताका लागि एकद्वार सेवा प्रणाली **(One Stop Service Delivery System)** पूर्ण रुपमा लागू गरिनेछ।
- नगरपालिकाको कार्यालय तथा नगरपालिका अन्तर्गतका कार्यालयहरुमा जडान भएको ईन्टरनेट, ईन्ट्रानेट सेवालाई प्रभावकारी बनाईनेछ ।
- डिजिटल नागरिक वडापत्र, सर्भर लगायतका जडान भएका प्रविधिको उच्चतम प्रयोग गरिनेछ ।

- घर नक्शापासलाई सहज बनाउन सफ्टवयेरको प्रयोग मार्फत प्रविधिमैत्री बनाईनेछ।
- पुनर्वास नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा ई-हाजिरी जडान तथा व्यवस्थापन गरिनेछ ।
- शान्ति सुरक्षा तथा अमनचयनका साथै अपराध न्यूनीकरण र नियन्त्रणका लागि सम्भाबित जोखिम युक्त स्थानहरुमा **CCTV** क्यामरा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

**उद्योग बाणिज्य तथा सामुदायिक विकास क्षेत्र :**

- मानवता, सामाजिक न्याय तथा सदभावयुक्त नगरपालिका निर्माण गर्न मानव विकासमा क्रियाशील संघ संस्थाहरुको सहकार्यमा जनचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा स्थापना भएका उद्योगहरुको तथ्याङ्क संकलन गरी निस्कृय उद्योगहरुलाई सञ्चालनमा ल्याउन विशेष बातावरण तयार गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरुको बजारीकरणको वातावरण तयार गरिनेछ।
- उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा घरेलु तथा साना उद्योगहरु स्थापना गर्ने वातावरण सिर्जना गरिनेछ ।

**विविध:**

- नेपाल रेडक्रस सोसाईटी,पुनर्वास उपशाखाको प्रभावकारी संञ्चालका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- सीमा क्षेत्रको घरजग्गा, खेती योग्य जग्गा समेत धितो राखी कर्जा उपलब्ध गराउने सम्बन्धमा माथिल्लो निकायमा समन्वय गरी औपचारिक वित्तीय प्रणालीवाट सहज रुपमा कर्जा पाउने वातावरण बनाउन पहल गरिनेछ ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुलाई लालपुर्जा वितरणका लागि आवश्यक पर्ने वजेट विनियोजनका साथै सम्पूर्ण कानूनी प्रक्रिया पुरा गर्ने नीति अवलम्बन गरिनेछ ।
- छाडा चौपाया र मानव-बन्यजन्तु बिचको द्वन्द न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सदस्य ज्यूहरु,**
अब म पुनर्वास नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को संक्षिप्त आय ब्यय विबरण प्रस्तुत गर्न चाहन्छु ।

## ***आ.ब. २०८३ / ०८४ को आय ब्यय ववरण***

आय तर्फ

| क्र.स. | श्रोत | श्रोत | बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार वितिय समानीकरण | वितिय समानिकरण संघ | १५१५००००० | |
| २ | नेपाल सरकार ससर्त अनुदान चालु | सशर्त चालु संघ | २७१३००००० | |
| ३ | नेपाल सरकार ससर्त अनुदान पुजिगत | सशर्त पुजिगत संघ | ५६००००० | |
| ४ | नेपाल सरकार राजश्व बाँडफाड | राजश्व संघ | १३१८६०००० | |
| ५ | नेपाल सरकार बिशेष अनुदान | संघिय बिशेष | १८०००००० | |
| ६ | नेपाल सरकार समपुरक अनुदान | संघिय समपुरक | ६०००००० | |
| ७ | प्रदेश सरकार वितिय समानिकरण | वितिय समानिकरण प्रदेश | १४५१९००० | |
| | प्रदेश सरकार सशर्त अनुदान चालु | प्रदेश सरकार | ० | |
| | प्रदेश सरकार सशर्त अनुदान पूजिगत | प्रदेश सरकार | ६०००००० | |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | समपुरक प्रदेश | ६५३३००० | |
| ९ | प्रदेश सरकार विशेष अनुदान | बिशेष प्रदेश | ६६००००० | |
| १० | सवारी साधन कर बाँडफाड प्रदेश | प्रदेश राजश्व | ८७९९००० | |
| ११ | स्थानिय राजश्व वाँडफाड | स्थानिय राजश्व | १५०००००० | |
| १२ | आन्तरिक श्रोत | आन्तरीक श्रोत | ४०००००००० | |
| १३ | अनुमानित अ. ल्या. भएर आउने रकम | अ. ल्या | ८००००००० | |
| | अनुमानित जम्मा | | ७६१७११००० | |

ब्यय तर्फ

| क्र.स. | कार्यक्रम | श्रोत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | समग्र नगरस्तरीय | | | |
| | समपुरक कोष | आन्तरिक अल्या | ३५०००००० | |
| | क्रमिक रुपमा रहेका योजना | आन्तरिक अल्या | ६०००००००० | |
| | नगर स्तरीय योजना | | ५०००००००० | |
| | भैपरी पुजिगत खर्च | आन्तरिक श्रोत | ५०००००० | |
| | वडाको चालुगत खर्च | प्रदेश समानीकरण | ३३००००० | |
| | फर्निचर तथा फिचर्स | प्रदेश समानीकरण | ३५००००० | |
| | मेसिनरी औजार | प्रदेश समानीकरण | ३५००००० | |
| | कार्यालयको तलब भत्ता तथा प्रशासनिक खर्च | संघिय राजश्व तथा अन्य | १४६७७८००० | |
| | HEIFER सँगको सहकार्यमा सानाकिसान लघुउद्यम | | १०००००००० | |
| | भैपरी चालु खर्च | | २५००००० | |
| | जम्मा | | ३१९५७८००० | |
| २ | जुन शिर्षकमा आयो सोही शिर्षकमा खर्च गर्नुपर्ने खर्च शिर्षक | | | |
| | नेपाल सरकार सशर्त अनुदान चालु | संघिय सरकार | २७१३००००० | |
| | नेपाल सरकार सशर्त अनुदान पुजिगत | | ५६००००० | |
| | नेपाल सरकार समपुरक अनुदान | | ६०००००० | |
| | नेपाल सरकार बिशेष अनुदान | | १८०००००० | |
| | प्रदेश सरकार सशर्त अनुदान चालु | | ० | |
| | प्रदेश सरकार सशर्त अनुदान पूजिगत | | ६०००००० | |
| | प्रदेश सरकार समपुरक अनुदान | | ६५३३००० | |
| | प्रदेश सरकार बिशेष अनुदान | | ६६००००० | |
| | जम्मा | | ३२००३३००० | |
| | | | | |
| ३ | वडागत सिलिङ | | | |
| | वडा न. १ | बितिय समानिकण संघ | ५५००००० | |
| | वडा न. २ | बितिय समानिकण संघ | ५०००००० | |
| | वडा न. ३ | बितिय समानिकण संघ | ४०००००० | |
| | वडा न. ४ | बितिय समानिकण संघ | ४०००००० | |
| | वडा न. ५ | बितिय समानिकण संघ | ५५००००० | |
| | वडा न. ६ | बितिय समानिकण संघ | ४५००००० | |
| | वडा न. ७ | बितिय समानिकण संघ | ४०००००० | |
| | वडा न. ८ | बितिय समानिकण संघ | ५०००००० | |
| | वडा न. ९ | बितिय समानिकण संघ | ५५००००० | |

| | | | | |
|---|---|---|---|---|
| | वडा न. १० | बितिय समानिकण संघ | ४५००००० | |
| | वडा न. ११ | बितिय समानिकण संघ | ५५००००० | |
| | जम्मा | | ५३०००००० | |
| | | | | |
| ४ | विषयगत शाखा तथा क्षेत्रगत सिलिङ | | | |
| क | आर्थिक विकास शाखा | | | |
| | कृषि | | ८०००००० | |
| | पशु विकास | | ६०००००० | |
| | सहकारी | | १०००००० | |
| | उद्यम विकास | | १५००००० | |
| | जम्मा | | १६५००००० | |
| ख | समाजिक विकास शाखा | | | |
| | शिक्षा | | २०००००००० | |
| | स्वास्थ्य | | ११५००००० | |
| | यूवा तथा खेलकुद | | ३०००००० | |
| | महिला बालबालिका | | १५००००० | |
| | जेष्ठ नागरीक | | ३००००० | |
| | अपाङ्ग | | ५००००० | |
| | दलित | | ५००००० | |
| | मुक्त हलिया कमैया | | ३००००० | |
| | आदीबासी जनजाती | | ५००००० | |
| | जम्मा | | ३८१००००० | |
| ग | बनवाताबरण तथा विपद व्यवस्थापन शाखा | | | |
| | विपद ब्यवस्थापन | | ४०००००० | |
| | वन वाताबरण | | १०००००० | |
| | खानेपानी तथा सरसफाई | | १०००००० | |
| | जम्मा | | ६०००००० | |
| घ | सुशासन तथा प्रवर्द्धन | | | |
| | सुचना तथा प्रविधि | | १५००००० | |
| | विभिन्न धर्म कला संस्कृति रितीरिवाज तथा पर्यटन प्रवर्द्धन | | १०००००० | |
| | संघसंस्थासँगको साझेदारी | | १०००००० | |
| | जम्मा | | ३५००००० | |
| ङ | विभिद | | | |
| | न्यायीक समिति | | १५००००० | |
| | भूमि तथा जग्गा प्रशासन सुकुम्बासी जग्गा बितरणका लागि पनि | | ३५००००० | |
| | जम्मा | | ५०००००० | |
| | क्षेत्रगत कुल जम्मा | | ६९१००००० | |
| | | | | |
| ब्यय तर्फको कुल जम्मा | | | | |
| १ | समग्र नगरस्तरीयको कुल जम्मा | | ३१९५७८००० | |
| २ | जुन शिर्षकमा आयो सोही शिर्षकमा खर्च गर्नुपर्ने खर्च शिर्षकको कुल जम्मा | | ३२००३३००० | |
| ३ | वडागत सिलिङको कुल जम्मा | | ५३०००००० | |
| ४ | क्षेत्रगत कुल जम्मा | | ६९१००००० | |
| | कुल जम्म | | ७६१७११००० | |
| | | | | |
| | | | | |
| आ. ब. २०८३/०८४ को कुल आय ब्यय बिबरण | | | | |
| १ | कुल आय | सबै | ७६१७११००० | |
| २ | कुल ब्यय | सबै | ७६१७११००० | |
| | कुल जम्मा | | ० | |
| | | | | |

नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सदस्य ज्यूहरु,

नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि ज्यूहरु, सल्लाह सुझाव प्रदान गर्नुहुने सम्पुर्ण सरोकारवालाहरु, शाखा प्रमुखहरू, अन्य कर्मचारीहरु लगायत मस्यौदा तयार गर्दा सुझाव दिनुहुने नगरवासी सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसै गरी नीति कार्यक्रम निर्माणको जिम्मेवारी पाएको समितिका संयोजक लगायत सम्पूर्ण पदाधीकारी ज्यूहरुमा हार्दिक आभार प्रकट गर्दै बिशेष गरी योजना शाखा प्रमुखले पुर्याउनु भएको योगदानको उच्च प्रशंसा गर्न चाहन्छु । पेश गरिएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सबैको सामूहिक प्रयास र सकारात्मक सहयोग रहने कुरामा विश्वास लिएको छु ।

अन्त्यमा, आज प्रस्तुत नीति तथा कार्यक्रमलाई गहन छलफल गरी पारित गर्न यहाँहरूबाट रचनात्मक सुझाव र समर्थन प्राप्त हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु । हामी सबैको साझा उद्देश्य 'सुखी नगर, समृद्ध नगर' निर्माण गर्नु हो । यहाँहरूको उपस्थितिका लागि पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।